| | |
|---|---|
| बैठक संख्या | : ५१ औं ( १७ औं आ.व. ०७४/७५) |
| बैठक मिति | : २०७५ साल जेठ १४ गते |
| बैठकको अध्यक्षता | : श्री मन्जु कुमारी खड्का अध्यक्ष |
| संस्था | : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख |
| बैठक स्थल | : संस्थाको केन्द्रीय कार्यालय, दैलेख |
| बैठक/समिति | : केन्द्रीय कार्य समितिको नियमित बैठक |

**उपस्थिति,**

| | |
|---|---|
| श्री मन्जु कुमारी खड्का | : अध्यक्ष |
| श्री हीरासिंह थापा | : निवर्तमान अध्यक्ष (संस्थापक अध्यक्ष) |
| श्री विरबहादुर नेपाली | : उपाध्यक्ष |
| श्री कल्पना थापा | : सचिव |
| श्री दुर्गा कुमारी श्रेष्ठ | : कोषाध्यक्ष |
| श्री झलकबहादुर भण्डारी | : सदस्य |
| श्री सूर्यबहादुर शाही | : सदस्य |
| श्री सुमिक्षा चन्द | : सदस्य |
| श्री धनलक्ष्मी वादी | : सदस्य |
| श्री महेन्द्र कुमार कार्की | : सदस्य |
| श्री बसन्त श्रेष्ठ | : निर्देशक |

***निर्णय नं. १,***

यस संस्थाको केन्द्रीय कार्य समितिको आ.व. ०७४/७५ को ५० औं बैठक अवधि देखि यस बैठक अवधि विच भए गरेका निर्णयहरुको समिक्षा गर्दै संस्था, संस्था पदाधिकारी र सदस्यहरु लगायत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गरियो ।

***निर्णय नं. २,***

यस संस्थाको केन्द्रीय कार्य समिति आ.व. ०७४/७५ को ५० औं बैठक सम्मका संस्था अन्तरगतका विभिन्न समिति, उपसमिति र वरिष्ट कर्मचारीहरुको बैठकवाट भए गरेका निर्णयहरु यस बैठकमा छलफल तथा गरेका निर्णयहरुको समिक्षा सहित अनुमोदन गर्ने निर्णय गरियो ।

*निर्णय नं. ३*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखद्धारा संचालित वाह हेल्पलाईन १०९८ (दश नौ आठ) र महिला र वालवालिका केन्द्र मा कार्यरत कार्यालय सहयोगी कल्पना थापाले दिनु भएको राजीनामामा छलफल गर्दा निजको राजीनामा जेठ १३, २०७५ वाट लागु हुने गरि स्वीकृत गर्ने र निजले संस्थामा पुर्याएको योगदानको उच्च मुल्यांकन गर्दै उचज्वल भषिस्यको कामना सहित विदाई गर्ने निर्णय गरियो ।

*निर्णय नं. ४*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको सहयात्रा परियोजनामा रिक्त रहेका पदमा संस्थामा कार्यरत कर्मचारीहरुलाई तपसिल वमोजीमको समयावधिवाट लागु हुने गरि स्टावहरुको नियुक्ति दिने र पारिश्रमिक तपसिलमा उल्लेख भए अनुसार दिने तथा संस्थामा सहायक प्रशासन तथा लेखा अधिकृत पदमा कार्यरत सावित्रा पाण्डेलाई जुलाई १, २०१८ वाट लागु हुने गरि प्रशासन तथा लेखा अधिकृतमा वढुवा गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | दुर्गम भत्ता | सञ्चार | जम्मा | नियुक्ती लागु हुने मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | वशन्ता थापा | फिल्ड अधिकृत | २२,०००/- | २,२००/- | ३,०००/- | २००/- | २७,४००/- | मे १ देखि डिसम्वर ३१, २०१८ | |
| २. | शान्ति सुवेदी | कार्यालय सहयोगी | ९,३८०/- | ९३८/- | ० | ० | १०,३१८/- | जुन १ देखि डिसेम्वर ३१, २०१८ | |
| ३. | सावित्रा पाण्डे | प्रशासन तथा लेखा अधिकृत | २२,३००/- | २,२३०/- | ५,०००/- | ५००/- | ३०,०३०/- | ~~जुलाई~~ १ देखि डिसेम्वर ३१, २०१८ (जुन १) | |

*निर्णय नं. ५,*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखमा रिक्त रहेका वा कार्यरत कर्मचारीहरुलाई तपसिल वमोजिमको परियोजनामा तपसिलको समयावधिवाट लागु हुने गरि स्टावहरुको नियुक्ति दिने र पारिश्रमिक तपसिलमा उल्लेख भए अनुसार दिने निर्णय गरियो ।

तपसिल

| सि. नं. | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | दुर्गम भत्ता | सञ्चार | जम्मा | नियुक्ती लागु हुने मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | शसी गिरी | कार्यालय सहयोगी | ९,५५०/- | ९५५/- | १,०००/- | २००/- | १०,७०५/- | जुन १ देखि डिसम्वर ३१, २०१८ | |

*निर्णय नं. ६,*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखको सहयात्रा परियोजनामा कार्यरत प्रशासन तथा लेखा अधिकृत भानु भक्त गिरीलाई साविककै खाईपाई आएको सेवा सुविधा नवढ्ने गरि वरिष्ट प्रशासन तथा लेखा अधिकृतमा वढुवा गर्ने निर्णय गरियो ।

*निर्णय नं. ७,*

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेखले एईआईएनसंगको साझेदारीतामा राउटेको दैनिक जिवनमा सुधारका लागि शिक्षा र स्वास्थ्य अधिकारको प्रवद्धन परियोजना संचालन गर्ने विषयमा समुदाय छलफल तथा साझेदारसंस्थासंग पेश गरेको कुरा जानकारी गरियो ।